# सभापोखरीगाउँकार्यपालिका, संखुवासभा
## आधारभूत तह परीक्षा समन्वय तथा सञ्चालन कार्यविधि २०७६

**१. परीक्षासमन्वय समिति :**

(१) गाउँपालिकाको विद्यालयहरूमा परीक्षा संचालन समन्वयको लागि देहायको एक परीक्षा समन्वय समिति रहनेछ ।

(क) गाउँपालिका अध्यक्ष-संयोजक

(ख) गाउँपालिकाउपाध्यक्ष-सदस्य

(ग) प्रमुख प्रशासकिय अधिकृत-सदस्य

(घ) सामाजिक विकास समिति संयोजक-सदस्य

(ङ) प्रमुख,सम्वन्धित स्थानीय तहमा रहेको प्रहरी कार्यालय-सदस्य

(च) प्रमुख, सम्वन्धित स्थानीय तहमा रहेको शसत्र प्रहरी बल-सदस्य

(छ) शिक्षा अधिकृत, सो नभएमा वि.नि.,सो नभएमा श्रोतव्यक्ति-सदस्य-सचिव

(२) परीक्षा समन्वय समितिको बैठक सम्बन्धी कार्यविधिसो समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ

(३) स्थानीय तहको क्षेत्राधिकार बाहिरको शैक्षिक तहको परीक्षा सञ्चालन गर्न सम्वन्धित निकायवाट भएको व्यवस्था वमोजिम समितिले सहजीकरण र समन्वय गर्नेछ ।

(४) कक्षा ५ र कक्षा ८ को परीक्षा सञ्चालन कार्यपालिकाबाट स्वीकृत मापदण्ड वमोजिम समितिले गर्नेछ ।

(५) उपदफा ३ र ४ बाहेकका कक्षाहरूको परीक्षा सञ्चालन समितिले निर्धारण गरेको मापदण्ड वमोजिम स्रोतकेन्द्रको समन्वयमा विद्यालय व्यवस्थापनसमितिको निर्देशन बमोजि प्रधानाध्यापकले गर्नेछ ।

(६) परीक्षा समन्वय समितिको काम कर्तब्य र अधिकारः परीक्षा समन्वय समितिको काम कर्तब्य र अधिकार देहाय बमोजिम हुनेछ

(क) परीक्षा सञ्चालन सम्बन्धमा नीति निर्धारण गर्ने, परीक्षा अनुगमन तथा निरीक्षण गर्ने गराउने,

(ख) आवश्यकता अनुसार परीक्षा केन्द्र तोक्ने,

(ग) कक्षा पाँचको परीक्षा गाउँपालिकास्तरीय वा विद्यालयहरूको समुह बनाई वा विद्यालय स्वयंलाई सञ्चालन गर्ने गरी व्यवस्थापन गर्ने,

(घ) कक्षा आठको परीक्षा गाउँपालिकास्तरीय सञ्चालन गर्ने,

(ङ) परीक्षा शुल्क तोक्ने, आवश्यकता परेमा उत्तरपुस्तिका परीक्षण केन्द्र तोक्ने, केन्द्राध्यक्ष नियुक्ति गर्ने, तथा पारिश्रमिक निर्धारण गर्ने,

(च) परीक्षा व्यवस्थापन समितिबाट रूजु गरी प्राप्त मार्कलेजर प्रमाणित गर्ने ।

(छ) परीक्षाफल प्रकाशित गर्ने गराउने ।

(ज) परीक्षामा अनियमितता भएमा आवश्यकता अनुसार परीक्षा बदर गरी पुनः परीक्षा गर्ने गराउने,

(झ) दैवीप्रकोप वा अन्य कुनै कारणबाट निर्धारित समयमा परीक्षा सञ्चालन गर्न वा परीक्षाफल प्रकाशन गर्न बाधा परेमा तुरून्त निर्णय लिने,

(ञ) प्रमाण पत्रको प्रतिलिपि शुल्क निर्धारण गर्ने ।

(ट) संघीय कानुन तथा प्रदेश मनत्रालयले तोकेका परीक्षा सम्बन्धी अन्य कार्यहरू गर्ने ।

(ठ) परीक्षा समन्वय समितिले विद्यालयस्तरका सबै वा कुनै कक्षाका उत्तरपुस्तिका झिकाई वा नतिजा झिकाई विश्लेषण गर्न सक्नेछ । र आवश्यकता परेमा पुर्नयोगको व्यवस्था गर्नेछ ।

**२. परीक्षा सञ्चालन तथा व्यवस्थापनसमिति :**

(१) गाउँपालिकाको विद्यालयहरूमा परीक्षा सञ्चालनको लागि देहायको एक परीक्षा सञ्चालन समिति रहनेछ

(क) प्रमुख प्रशासकिय अधिकृत-संयोजक

(ख) सामुदायिकविद्यालयका प्र.अ. वा शिक्षकमध्येबाट परीक्षा समन्वय समितिका अध्यक्षले तोकेको तीन जना -सदस्य

(ग) संस्थागत विद्यालयका प्र.अ. वा शिक्षकमध्येबाट परीक्षा समन्वय समितिका अध्यक्षले तोकेको १जना -सदस्य

स्थानीय राजपत्र
स्थानीय राजपत्र

(घ) स्रोतव्यक्तिसदस्य

(ङ) शिक्षा अधिकृत -सदस्य-सचिव

(२) शिक्षा अधिकृत नभएको अवस्थामा स्रोतव्यक्तिले सदस्य सचिवको काम गर्नेछ ।

(३) परीक्षा सञ्चालन समितिको काम कर्तब्य र अधिकार:परीक्षा सञ्चालन समितिको काम कर्तब्य र अधिकार देहाय बमोजिम हुनेछ ।

(क) परीक्षा सञ्चालनका लागि कार्यतालिका निर्माण गर्ने ।

(ख) परीक्षार्थीहरूको व्यक्तिगत परीक्षा आवेदन फाराम सम्वन्धित विद्यालय मार्फत भराई रूजु गरी परीक्षार्थी रोल नम्बर कायम गर्ने तथा प्रवेश पत्र वितरण गर्ने ।

(ग) परीक्षाका लागि पाठ्यक्रमले तोकेको विशिष्ठीकरण तालिका (ग्रीड) बमोजिम आवश्यक प्रश्नहरू निर्माण गरी गराई प्रश्न बैंक निर्माण गर्ने ।

(घ) विद्यालयहरूबाट प्राप्त विद्यार्थी तथ्याङ्क यकिन गरी आवश्यक प्रश्नपत्र, उत्तरपुस्तिका तथा मार्कलेजर विद्यालयलाई उपलब्ध गराउने ।

(ङ) प्रश्न पत्र नेपाली तथा अङ्ग्रेजी भाषामा तयार गर्ने ।

(च) उत्तर पुस्तिका परीक्षणका लागि परीक्षक तोक्ने तथा आवश्यक भएमा संपरीक्षक समेत तोकी परीक्षणको विश्वशनीयता कायम हुने गरी उत्तर पुस्तिका परीक्षण गराउने ।

(छ) परीक्षण सम्पन्न भए पश्चात विद्यालयहरूलाई मार्कलेजर तयार गर्नलगाई रूजू गरी समन्वय समितिमा पेश गर्ने ।

(ज) समन्वय समितिबाट निर्णय भई आएको मार्कलेजरका आधारमा प्रमाण पत्र तथा लब्धाङ्क पत्र तयार गरी प्रमाणित गरी सम्वन्धित विद्यालय मार्फत विद्यार्थीलाई उपलब्ध गराउने ।

**३. संस्थागत विद्यालयले परीक्षा शुल्क बापतको रकम जम्मा गर्नु पर्ने:**

१) दफा १ को ४ वमोजिम कक्षा ८ को परीक्षा गर्दा परीक्षा समन्वय समितिले तोके वमोजिमको शुल्क सम्वन्धित संस्थागत विद्यालयले तोकिएको खातामा जम्मा गर्नु पर्नेछ ।



(२) संस्थागत विद्यालयले तोकिएको रजिष्ट्रेशन, परीक्षा तथा प्रमाणपत्र बापतको विद्यार्थीहरूबाट लिएको शुल्क परीक्षा सञ्चालन गर्ने निकायको खातामा जम्मा गरी त्यसको जानकारी समेत दिनु पर्नेछ ।

**४. शैक्षिक गुणस्तर परीक्षण सम्बन्धी व्यवस्था:**

(१) गाउँसभाले वार्षिक रूपमा शिक्षाको गुणस्तर मापन गरी सुधारको लागी कार्यपालिकालाई निर्देशन दिनेछ । सम्बन्धित मन्त्रालयले बनाएको गुणस्तरको खाका र पाठ्यक्रम विकास केन्द्रले बनाएको पाठ्यक्रम प्रारूपलाई मूल आधार मान्नुपर्ने छ ।

(२) गाउँसभाले आफु मध्येवाट एक जना सदस्यलाई शिक्षाको गुणस्तर मापन गर्न लगाई सोको प्रतिवेदन बार्षिक रूपमा सभा समक्ष पेश गर्न तोक्नेछ ।

(३) उपदफा (२) वमोजिम तोकिएको सदस्यले प्रमुख प्रशासकिय अधिकृतसँग समन्वय गरी गुणस्तर मापन र प्रतिवेदन तयार गर्नेछ,

(४) गुणस्तर मापन र प्रतिवेदन तयारीको विधि र ढाँचा उपदफा २ वमोजिम तोकिएको सदस्य आफैले निर्धारण गरे वमोजिम हुनेछ

(५) गुणस्तर मापन र प्रतिवेदन शैक्षिक सत्र शुरू हुनु भन्दा २ महिना अगाडी पेश भई सक्नु पर्नेछ ।

५. **अन्य कक्षाहरूका परीक्षा सञ्चालन** :विद्यालयका अन्य कक्षाहरूको परीक्षा सञ्चालन परीक्षा समितिले निर्धारण गरेको मापदण्ड बमोजिम स्रोतकेन्द्रको समन्वयमा विद्यालय आफैले गर्नसक्नेछ र प्रधानाध्यापकले प्रमाणिकरण गर्नेछन ।

-०००-